...को प्रदेश, नेपाल
२०७३

# हरिनास गाउँपालिकाको २७औं कार्यपालिका बैठक

मितिः- २०८२/०१/१६ समयः-३:०० बजे स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष आज मिति २०८२/०१/१६ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसार गाउँ कार्यपलिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिलः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| ११ | श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शिव कुमार पौडेल | सचिव | |

आमन्त्रित उपस्थित

| | | | |
|---|---|---|---|
| १ | श्री नोल वहादुर थापा | प्रशासन प्रमुख | |
| २ | श्री विदुर सिग्देल | स्वास्थ्य शाखा प्रमुख | |
| ३ | श्री अरुणा थापा | उद्यम विकस सहजकर्ता | |
| ४ | श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्यूको स्वकिय सचिवक | |

खिमनारायण मानन्धर
अध्यक्ष

मेङ्लोङ्, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

कार्यपालिका बैठक मिति २०८२।०१।१६ गते। समयः बिहान ११ बजे।

कार्यपालिका बैठकका प्रस्ताव अध्यक्षबाट स्वीकृत मिति २०८२।०१।१६ गते

<u>२७ औं गाउँकार्यपालिका बैठकका प्रस्तावहरुः</u>

प्रस्ताव नं १ विगतका बैठकको समिक्षा सम्बन्धमा।
प्रस्ताव नं २ २०८१/०८२ को दोस्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा।
प्रस्ताव नं ३ २०८१/०८२ को तेस्रो चौमासिक चालु कार्यक्रमको सम्बन्धमा।
प्रस्ताव नं ४ LISA/FRA/LED को विषयमा जानकारी दिने सम्बन्धमा।
प्रस्ताव नं ५ २०८२/०८३ को कार्यक्रम तथा बजेट तयारीको विषयमा सम्बन्धमा।
प्रस्ताव नं ६ नव नियुक्त कर्मचारीको स्वागत तथा सम्मानको विषयमा।
प्रस्ताव नं ७ अध्यक्षकप खेलकुद कार्यक्रम सञ्चालन सम्बन्धमा।
प्रस्ताव नं ८ योजना अनुगमनको सम्बन्धमा ।
प्रस्ताव नं ९ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।
प्रस्ताव नं १० योजना छनोट तथा बजेट विनियोजन सम्बन्धमा।
प्रस्ताव नं ११ अधिवक्ता तोक्ने सम्बन्धमा।
प्रस्ताव नं १२ चिसापानी अस्पतालको म्याद थप सम्बन्धमा।

खिमनारायण मानन्धर
अध्यक्ष

गाउँ कार्यपालिका बैठकका निर्णयहरु:                                                        मिति २०८२/०१/१६

निर्णय नं १

कार्यपालिकाका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरियो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाइयो। कार्यान्वयन हुन बाँकी निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने।

निर्णय नं २

आ.व. ०८१/८२ को दोश्रो चौमासिक २०८१ मंसिर देखि फागुनसम्म चार महिनाको यस कार्यालयको मिति २०८१ चैत १० गते प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकार सञ्चालन ऐनको दफा ७६ उपदफा ३ अनुसार पेश गर्नु पर्ने प्रगति विवरण सबै शाखाबाट सङ्कलन गरी अध्यक्ष समक्ष पेश गर्नु भएको दोश्रो चौमासिक प्रगतिको अध्ययन गरी यसलाई अनुमोदन गरियो ।

निर्णय नं ३

यस चालु आ.व.को बाँकी रहेका सबै योजना तथा कार्यक्रमहरु समयमा नै सक्नको लागि सम्बन्धित शाखालाई जानकारी गराउने ।

निर्णय नं ४

LISA/FRA/LED को फिड व्याक दिन भनिएको श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको मिति २०८१/१२/०३ च.नं. २९७ को पत्र पढि LISA/FRA/LED को सम्बन्धमा जानकारी प्राप्त भयो। सो सम्बन्धमा सुझाव दिन शिक्षा अधिकृत श्री राजिव सुवर्णकारलाई अधिकार दिने ।

निर्णय नं ५

२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तयारीको विषयमा छलफल हुँदा बजेट सिलिङ प्राप्त भएपछि सम्वन्धित विषयगत समितिहरुलाई जानकारी गराउने।

खिमनारायण मानन्धर
अध्यक्ष

निर्णय नं ६

यस कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृत लगाएतको पदपुर्ति गर्नको लागि मिति २०८१/१२/०८ को प्रकाशित सूचना अनुसार विज्ञापन गरी परीक्षाबाट छनोट हुनुभएका सूचना प्रविधि अधिकृत (छैठौं) श्री मिलन अधिकारी (फेदीखोला गाउँपालिका वडा नं ३ स्याङ्जा निवासी) लाई करारनाम सहित करारमा नियुक्ति गरी सकिएकोले निजलाई स्वागत गर्दै सम्बन्धित शाखा प्रशासन एवम् सूचना प्रविधि अधिकृत तर्फको कामकाजमा लगाउने निर्णय गरियो।

निर्णय नं ७

हरिनास गाउँपालिका आ.व. २०८१/०८२ को सातौं अध्यक्ष कप खेलकुद कार्यक्रम मिति २०८२ जेठ ३ गते देखि २०८२/०२/०६ गतेसम्म हरिनास गाउँपालिका वडा नं ६ दग्दि खेल मैदानमा गर्ने र खेल सञ्चालनमा पुरुष भलिबल, महिला भलिबल, भेट्रान्स भलिबल तथा ब्याडमिन्टन खेल समावेस हुने, उक्त खेलहरुको पुरस्कार रकम तपशिलमा भए बमोजिम हुने र यातायात खर्च प्रत्येक वडालाई ५०/५० हजार/छुट्याइने निर्णय गरियो।

| क्र.स. | स्थान | खेल तथा पुरस्कार रकम (रु) | | | |
|---|---|---|---|---|---|
| | | पुरुष भलिबल | महिला भलिबल | भेट्रान्स भलिबल | ब्याडमिन्टन |
| १. | प्रथम | ७० हजार | ४० हजार | ४० हजार | १० हजार |
| २. | द्वितीय | ५० हजार | ३० हजार | ३० हजार | ७ हजार ५०० सय |
| ३. | तृतीय | ३५ हजार | २० हजार | २० हजार | ५ हजार |
| ४. | सान्त्वना | २० हजार | १० हजार | १० हजार | २ हजार ५०० सय |

निर्णय नं ८

यस पालिकाका ठेक्का पट्टा र उपभोक्ता समितिबाट गरिने निर्माण कार्यहरुको स्थानीय सरकार सञ्चालन ऐन, २०७४दफा १६ को (ख) (५) र भुक्तानी स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को दफा ११ को भुक्तानी प्रक्रिया अनुसार भए या नभए पनि वडा कार्यलयको वडा स्तरीय अनुगमनको आधारमा भुक्तानी दिने। हालसम्म भुक्तानी दिएका सबै योजनाको फरफारक समेत गर्ने निर्णय गरियो।

खिमनारायण मल्ला
अध्यक्ष

निर्णय नं ९

यस पालिकाका गरिब व्यक्तिहरुले उपचार गर्नका लागि आर्थिक सहायता माग गरी निवेदन दिनु भएका निवेदक श्री दुर्गा बहादुर नेवार हरिनास -६, रु. २५,०००(पच्चिस हजार) र खिम माया राना हरिनास -४, रु. २५,००० (पच्चिस हजार) लाई आर्थिक सहायता दिने निर्णय गरियो।

निर्णय नं १०

जनतासँग अध्यक्ष कार्यक्रमको बजेटबाट निम्न अनुसारका योजना तथा बजेट विनियोजन गर्ने निर्णय गरियो।

क) बाझ पोखरी ढल व्यवस्थापन रु ५८,००० (अन्ठाउन्न हजार) (जनतासँग अध्यक्ष कार्यक्रम)

ख) कुरुम्फा खानेपानी मोटर खरिद योजना ९२०००/ (बयानब्बे हजार) (जनतासँग अध्यक्ष कार्यक्रम)

ग) हुनचिङ साहुथर परिवारबाट फर्निचर खरिद १३००००/ (एक लाख तिस हजार) (जनतासँग अध्यक्ष कार्यक्रम

निर्णय नं ११

अख्तियार दुरूपयोग अनुसन्धान आयोग (कास्की पोखरा), जिल्ला प्रशासन कार्यालय (स्याङ्जा) श्री जिल्ला प्रहरी कार्यालय (स्याङ्जा) र हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई विपक्षी बनाई हरिनास ५ निवासी श्री डण्ड बहादुर रानाले उच्च अदालत पोखरामा सार्वजनिक जग्गामा बसोबास गरेको सम्बन्धमा रिट निवेदन दिनु भएको हुँदा पालिकाको प्रतिनिधिको रुपमा अधिवक्ता श्री सरास्वति सुवेदीलाई खटाउने र अधिवक्तालाई अदालत जादा आउदा र लिखित जवाफ तयार गरी बहस गरेको पारिश्रमिक पालिकाबाट प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १२

यस हरिनास गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको ठेक्का नं The constriction of 15 Bed Hospital At Magyam Chisapani-3 Harinas Rural Municipality, Syangja (Contract Id HRNS-W-NCB-B-02-077-078) आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेकोमा उक्त निर्माण कार्यको ठेक्का प्राप्त गर्ने निर्माण कम्पनि श्री शुभ कन्ट्रक्सन प्रा.लि.ले सार्वजनिक खरिद नियमावली, २०६४ को (चौधों संशोधन) नियम (क) बमोजिम मिति २०८३ कार्तिक मसान्त सम्म म्याद थप गर्ने। साथै निर्माण व्यावसायीले कानुन बमोजिम उक्त ठेक्काको थपिएको अवधिको कार्यसम्पादन जमानत र विमा नविकरण लगायतका कागजात पेश गरे पश्चात मात्र सम्झौता तथा कायदिश दिने

खिमनारायण मल्ल
अध्यक्ष